नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १७७ २०८१ साल माघ २९ गते मंगलबार (11 Feb. 2025 Tuesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : सामाजिक सञ्जाल : प्रयोग ... ३ पृष्ठमा : भ्रष्टाचारसम्बन्धी अनुसन्धानलाई ... ३ पृष्ठमा : जनवरीमा दक्षिण ...

## मलाह कल्याण संघले थालेको रिले अनसन चौथो दिन पनि जारि




**दैनिक समाचारदाता**
**राजविराज, २८ माघ।**

मलाहहरुको हक अधिकारको सन्दर्भमा २० बुदे माग राखि थालिएको रिले अनसन सोमबार चौथो दिन पनि जारि छ।

मलाह समुदायका अगुवाहरुले मत्स्य मन्त्रालयको स्थापना सहित विभिन्न २० बुँदे माग अघि सार्दै कोशी बाँधमा थालेको अनिश्चितकालिन रिले अनसनलाई सामबार पनि जारि राखेको हो।

मलाह जातीको जातीय संगठन नेपाल मलाह कल्याण संघको अगुवाईमा माघ २५ गतेदेखी कोशी बाँधमा मञ्च निर्माण थालिएको अनिश्चितकालिन रिले अनसनमा सोमबार १३ जनाले सहभागिता जनाएका छन्।

अनशनको चौथो दिन बुधाई मुखियाको नेतृत्वमा इन्द्रजित मुखिया, सुखीलाल मुखिया, महेश मुखिया, उमेश मुखिया, धर्मदेव मुखिया, सुकदेव मुखिया, दिपक मुखिया, रामदेव मुखिया, रामदेव मुखिया, प्रभु मुखिया, हेमु मुखिया र रामचन्द्र मुखिया लगायत १३ जना रिले अनसनमा वसेका छन।

सरकारी स्वामित्वमा रहेका मत्स्य फारम, सीमसार र रिजर्भ्यार आदीमा मलाह जातीलाई ५० प्रतिशत आरक्षण, संघीय र प्रदेशमा मत्स्य मन्त्रालयको स्थापना, मलाह जातीका बालबालिकालाई स्नातकोत्तर सम्म निःशुल्क शिक्षा र जग्गाविहीन मलाहलाई जग्गाको व्यवस्था गरिनु पर्ने मागहरु अघि सार्दै अनिशितकालिन रिले अनसन शुरु गरिएको अनसनकारी मध्येका अगुवा भोला मुखियाले बताए।

यस्तै सरकारले लगाउदै आएको पोखरी, नदी, दह, खोलानाला, तालतलैया, तारघाट र नदीमा बागी आएको काठ दाउरा संकलन लगायतका ठेक्का कार्य मलाह जातीलाई मात्र दिनु पर्ने, जलसेनाको स्थापना गरी ५० प्रतिशत मलाह जातीको सेना राखिनु पर्ने लगायतका २० बुंदे माग संघले अघि सारेको उनले

***बाँकी अन्तिम पृष्ठमा***

## भ्रष्टाचार नियन्त्रण गर्न कर्मचारीको तलब भत्ता बढाउनुपर्छ : मुख्यमन्त्री सिंह



जनकपुरधाम, २८ माघ (रासस)।

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिहंले भ्रष्टाचार नियन्त्रण गर्न कर्मचारीको तलब सुविधा बढाउनुपर्ने बताउनुभएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४औँ वार्षिकोत्सवको अवसरमा सोमबार यहाँ आयोजित कार्यक्रममा मुख्यमन्त्री सिंहले भ्रष्टाचार नियन्त्रण गर्न सम्बन्धित निकायले कडाइका साथ लाग्नुपर्ने बताउनुभयो। सदाचार, निष्पक्षता र निर्भिकताका साथै भ्रष्टाचार नियन्त्रणमा सबैले भूमिका खेल्नुपर्ने बताउनुभयो।

मुख्यमत्री सिंहले शिक्षा, स्वास्थ्य, उद्योग, खानेपानीलगायत प्रत्येक क्षेत्रमा भ्रष्टाचार व्याप्त रहेको र दर्ता नभएकाले राजस्व छल्ने काम गरेकाले ती निकायलाई सरकारको करको दायरामा ल्याउनुपर्ने उल्लेख गर्नुभयो।

मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलले भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुन फितलो भएकाले मुलुकमा भ्रष्टाचार बढेको बताउनुभयो। महङ्गी अनुसार कर्मचारीको तलबभता नबढाएसम्म भ्रष्टाचार नियन्त्रण नहुने उहाँको भनाइ थियो।

जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले भ्रष्टाचार नियन्त्रणका लागि सामूहिक प्रतिबद्धताको खाँचो रहेको बताउनुभयो। अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवासका प्रमुख रामबहादुर कुरुवाङले भ्रष्टाचार नियन्त्रणको सन्दर्भमा आफ्नो कार्यालयले उल्लेखनीय रूपमा आर्थिक अनियमिततासम्बन्धी मुद्दाको फर्छ्यौट गरेको जानकारी दिनुभयो।

## तिरहुतमा तीन दिवसीय कुस्ती प्रतियोगिता सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, २८ माघ।**

सप्तरीको तिरहुत गाउँपालिमा संचालित तीन दिवसीय कुस्ती प्रतियोगिता सोमबारसोमबार सम्पन्न भएको छ।

गाउँपालिकास्थित बाबा बनसखण्डी प्राङ्गण स्थित मैदानमा आयोजना गरिएको अन्तिम दिनको खेलमा पुरुषतर्फ चार र महिलातर्फ दुई वटा गरि ६ वटा प्रतिस्पर्धा सम्पन्न भएको हो।

प्रतियोगितामा पुरुषतर्फ नेपाली पहलमानले ३ र महिलातर्फ एकमा जित निकाल्न सफल भए भने भारतीय पहलमानले पुरुष र महिला दुबै प्रतिस्पर्धामा एक-एक जित निकाल्न सफल रहे।

पुरुषतर्फ भएको कुस्तीमा नेपाली पहलमान बसन्त थापा, पारस थापा र राहुल थापाले क्रमशः भारतका मन्जित पहलमान, शैतान सिंह र नकाबपोश पहलमानलाई पराजित गरे भने भारतका गब्बर सिंहले नेपालका अशोक यादवलाई पराजित गरे।

यस्तै महिलातर्फ भएको दुई प्रतिस्पर्धामा नेपालकी ज्योती साहले भारतकी सोनाक्षीलाई हराएकी थिईन् भने अर्को प्रतिस्पर्धामा भारतकी नम्रताले नेपालकी पुनिता यादवलाई पराजित गरिन्।

तीन दिनसम्म चलेको प्रतियोगितामा महिलातर्फ दुई र पुरुषतर्फ ११ प्रतिस्पर्धा भएकोमा पुरुषतर्फ भारतले सात र नेपालले चार पदक ल्याउन सफल भयो भने महिलातर्फ दुबै देशले एक-एक पदक बाँडेको आयोजकले जनाएको छ।

प्रतियोगिताको समापन समारोहमा समारोहमा प्रमख अतिथि गाउँपालिका अध्यक्ष बिजय यादव, प्रमुख प्रशासकीय अधिकृत ललन प्रसाद यादव, प्रहरी नायब उपरिक्षक महेन्द्र नेपाल लगायतले बिजयी खेलाडीहरुलाई पुरस्कार बितरण गरेका थिए।

सूचनाको हकको सम्मान र प्रवर्द्धन गरौं ।

सार्वजनिक निकायले:
➢अनिवार्य रुपमा सूचना अधिकारी तोकौं,
➢सूचना अधिकारीलाई सूचनामा पहुँच दिऔं,
➢माग गरिने सूचना सहज रुपमा समयमै उपलब्ध गराऔं,

सूचना मागकर्ताले:
➢सूचना चाहेको निकायबाटै सूचना माग गरौं,
➢सूचना माग गर्दा प्रयोजन स्पष्ट खुलाएर मात्रै मागौं,
➢प्राप्त सूचनाको सदुपयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सामाजिक सञ्जाल : प्रयोग र प्रभाव

**शुक्रऋषि चौलागाई**
काठमाडौं, २८ माघ (रासस)।

सामान्यतया इन्टरनेट प्रविधिको माध्यमद्वारा आफ्ना विचार वा सिर्जनशीलता आदानप्रदान गर्न प्रयोग गरिने माध्यमलाई सामाजिक सञ्जाल भनिन्छ। यो सूचना दिने अनलाइन प्रविधिको एकमुष्ट सामूहिक रुप पनि हो। सामाजिक सञ्जाल अन्तरक्रियात्मक कम्प्युटर-मध्यस्थता प्रविधि हो। कम्प्युटर वा मोबाइलमा इन्टरनेट प्रविधिमार्फत आफूले प्राप्त गरेका वा आफूले सिर्जना गरेका विचार, डिजिटल फोटो वा भिडियोहरू आदानप्रदान गर्न प्रयोग गरिने माध्यम हो। सामाजिक सञ्जाल एउटा यस्तो महत्वपूर्ण इन्टरनेट माध्यम हो। मिनेट सेकेन्डमै संसारमा कहाँ के भइरहेको छ, सबै घटना खबर थाहा पाउन सकिन्छ। यसकारण यसको सहज पहुँचका साथसाथै प्रयोग र प्रभावको दायरा पनि फराकिलो बन्दै गएको छ।

पछिल्लो समय सामाजिक सञ्जालको प्रयोग र प्रभावका सन्दर्भमा पनि विभिन्न टीकाटिप्पणी, बहसहरू अनेकन कोण भइरहेको पाइन्छ। यसको दिन प्रतिदिनको विकास, स्वरुप र प्रयोगले समाजको विविध आयाम र पक्षहरूमा सकारात्मक तथा नकारात्मक अवधारणाहरू सार्वजनिक भइरहेका छन्। सामाजिक सञ्जालको सदुपयोगसँगै दुरुपयोग पनि बढ्दो छ। यसले सामाजिक जीवनलाई नराम्ररी तरङ्गित पारेको छ। सामाजिक सञ्जाल के हो, के होइन, यसका फाइदा/बेफाइदा, सही प्रयोगलगायत विषयमा यहाँ उल्लेख गर्न खोजिएको छ।

हात-हातमा मोबाइल र इन्टरनेटको सहज उपलब्धताले सामाजिक सञ्जालको प्रयोग पनि व्यापक छ। एक तथ्याङ्कअनुसार विश्वभर चार अरब ४८ करोड मानिसले सामाजिक सञ्जाल प्रयोग गरिरहेका छन्। यसको अर्थ विश्वको आधा व्यक्तिहरू सामाजिक सञ्जालमा भेटिन्छन्। ४.६६ अरबभन्दा बढी 'इन्टरनेट प्रयोगकर्ताहरू भएको गुगलले देखाउँछ। जसमध्ये गुगल, फेसबुक, युट्युब, ह्वाट्सएप, इन्स्टाग्राम, टिकटक र ट्विटर प्रयोगकर्ता रहेका छन्।

सञ्जालहरूमार्फत जानकारी, विचार, रुचि र अभिव्यक्तिहरू सिर्जना वा साझेदारी गर्ने सुविधा प्रदान गर्न मध्यस्थकर्ताको भूमिकामा सामाजिक सञ्जालहरूको उदय भएको हो। तर पछिल्लो चरण सामाजिक सञ्जाल असामाजिक बन्दै गएको छ। सामाजिक सञ्जाल भ्रम फैलाउने, व्यक्तिको समय र सिर्जना खोसिदिने र सूचनामाथि जासुसी गर्ने मतियार र हतियार बनेको छ। प्रयोगकर्ताहरू पनि आफनो अनुकूलका कुरा सुन्ने, हेर्ने तर फरक विचारलाई निषेध गर्ने भइरहेका छन्। सामाजिक सञ्जाल प्रतिक्रियात्मक र असङ्गठित हुन्छ यसले नीतिगत तहमा दबाब पनि दिइरहेको हुन्छ तर प्रत्यक्ष न्याय दिन भने सकिरहेको हुँदैन। डिजिटल युगमा सूचनाको विश्वसनीयता र सत्यताबारे पनि बहस भइरहेको छ। सञ्जालमा उल्लिखित भनाइ, तथ्याङ्क, स्रोत, तस्बिर आदि ठीक छन् वा छैनन् भनी परख गर्ने पाठक, दर्शक वा स्रोताको क्षमता पनि कमजोर छ। फेसबुक अहिले विश्वमै सबैभन्दा लोकप्रिय छ तथापि त्यो पनि हेरिनसक्नु हुन्छ।

**सामाजिक सञ्जालका फाइदा र बेफाइदा**

सामाजिक सञ्जालका विभिन्न स्वरुप छन्। कुन प्लेट फार्म प्रयोग गर्ने ? आफ्नो योग्यता/दक्षता, पेसा/व्यवसाय के हो ? के गर्न चाहिरहनुभएको छ। त्यसकै आधारमा सामाजिक सञ्जाल प्रयोग गरिनुपर्छ। सामाजिक सञ्जालका केही मूलभूत अवसर र फाइदाहरू भने समान छन्। सामाजिक सञ्जालबाट मुख्यतयाः सूचना आदानप्रदान छिटाछरितो गर्न सकिने, आफ्ना विचार भावना राख्न सजिलो हुने, घरमै बसेर स्वदेश तथा विदेशमा प्रत्यक्ष सम्पर्क गर्न सकिने, महत्वपूर्ण कागजात, फोटो एवं भिडियो तुरुन्तै आदानप्रदान गर्न सकिने, कुनै घटना वा खास विषयवस्तुको प्रत्यक्ष प्रसारण गर्न सकिने, घरमै बसेर खरिदबिक्री गर्न सकिने, अध्ययन अनुसन्धान एवं लेखन कार्यमा सघाउ पुग्ने सामग्री हेर्न र पाउन सकिने हुन्छ। इन्टरनेट र सामाजिक सञ्जालको सदुपयोग गर्न सके विश्व बजारमा सजिलै बिक्न सकिन्छ तर त्यो ज्ञान प्रयोगकर्तामा हुनुपर्छ। सामाजिक सञ्जालका माध्यमबाट व्यापार व्यवसायलाई प्रवर्द्धन गर्न पनि सकिन्छ। कतिपय अवस्थामा व्यक्तिभित्र रहेको प्रतिभा प्रस्फुटन गराउन पनि यसले मद्दत गरेको छ। व्यक्ति, परिवार, समुदाय, कार्यालयले आफ्नो आवश्यकता र कामका आधारमा सामाजिक सञ्जालको प्रयोग गर्न सक्छन्।

सामाजिक सञ्जाल आफैँमा सही र गलत हुने होइन। हामीले कुन सोचबाट कसरी प्रयोग गर्ने त्यसमै निर्भर रहन्छ। सकारात्मक हिसाबले सोच्ने हो भने सामाजिक सञ्जाल गलत होइन तर दुरुपयोग गर्ने हो भने यसका बेफाइदा पनि भरमार छन्। सामाजिक सञ्जालमा अनावश्यक समय खर्च गर्ने, अरूप्रति नकारात्मक टिकाटिप्पणी गर्ने, हानि-नोक्सानी गर्ने विषयवस्तु बढी शेयर गर्ने, अश्लील भिडियो तथा फोटो खिचेर अपलोड गर्ने, शेयर गर्ने, नचिनेको व्यक्तिलाई जिस्क्याउने, अर्काको फोटो तथा भिडियोको दुरुपयोग गर्ने, अध्ययन अनुसन्धानको साधनभन्दा मनोरञ्जनको साधनका रूपमा प्रयोग गर्ने, गलत सूचना र समाचार सम्प्रेषण गर्ने गरिएको पाइन्छ। मिथ्या सूचना र भ्रामक समाचार अफवाह फैलाउने माध्यमका रूपमा सामाजिक सञ्जाललाई प्रयोग गर्ने गरिएको छ। नियोजित तरिकाले कसैलाई आक्षेप लगाउने, अनावश्यक भिडियो पोष्ट गर्ने, अनावश्यक व्यक्तिहरूलाई भाइरल गराएर समाजमा नकारात्मक भ्रम पैदा गर्ने, मर्यादामा आँच आउनेजस्ता सामग्री पोस्ट गरेर, टिप्पणी गरेर पनि व्यक्ति तथा संस्थाको इज्जतमा दाग लगाउने प्रवृत्ति बढिरहेको छ। साइबर सुरक्षाको खतरा पनि उत्तिकै रहन्छ। कतिपय घटना सामाजिक सञ्जालमा आनावश्यक फैलिएका र फैलाइएका कारणले पनि थप घटनाहरू पुनरावृत्ति भइरहेका छन्। नकारात्मक तथा घृणा हाबि भइरहेको छ।

सामाजिक सञ्जाललाई सदुपयोग गर्ने वातावरण सिर्जना गर्नुपर्ने आवश्यकता छ। सामाजिक सञ्जालमार्फत हुने अराजकता, गैरकानुनी गतिविधिलाई कानुनी र नीतिगत रुपमै नियमन गर्न जरुरी छ। दुरुपयोग रोक्ने नाममा सरकारले पनि मनोमानी गर्न पाइँदैन। सामाजिक सञ्जालको प्रयोगमा सुधार गर्ने र दुरुपयोग रोक्नतर्फ सरोकारवालाको परामर्शमा साझा पहल थाल्नुपर्छ। स्कुले तहको पाठ्यक्रममै सामाजिक सञ्जाल के हो ? यसका फाइदा, बेफाइदा र दुरुपयोग भए के कारबाही गर्ने भन्ने विषय पनि पाठ्यक्रममा समेट्नु उचित हुन्छ। सरकारले हालै संसद्मा प्रस्तुत गरेको सामाजिक सञ्जालसम्बन्धी विधेयकका अधिकांश प्रावधानले सामाजिक सञ्जाललाई मर्यादित र व्यवस्थित गराउन खोजेको देखिन्छ।

**कसरी गर्ने सही प्रयोग ?**

बेलायतमा गरिएको एक अध्ययनले सामाजिक सञ्जालको लत लागूऔषधको भन्दा पनि खतरनाक रहेको देखाएको छ। यसको प्रयोगले हाम्रो दैनिक व्यवहार र आचरणमा परिवर्तन ल्याइरहेको छ। हातमा स्मार्टफोन बोक्ने सामान्य नागरिकले हरेक १२ मिनेटको अवधिमा एकपटक सञ्जाललाई 'रिफ्रेस' गर्ने गरेका छन्। अध्ययनअनुसार यसको लतमा फसेकाले त हरेक दुई/तीन मिनेटको अवधिमा सामाजिक सञ्जाल चलाइरहेका हुन्छन्। धेरैजसो भ्रामक सूचना सामाजिक सञ्जालबाट नै फैलिइरहेको छ। नेपालमा गरिएको एक अध्ययनले सामाजिक सञ्जाल मिथ्या सूचना फैलाउने सशक्त माध्यम भएको देखाएको छ। सेन्टर फर मिडिया रिसर्च, नेपालले गरेको अध्ययनले नेपालमा ९५ प्रतिशत इन्टरनेट प्रयोगकर्ताले सामाजिक सञ्जालको माध्यमबाट मिथ्या सूचना प्राप्त गरेको देखाएको छ।

सामाजिक सञ्जालको अति प्रयोग, गलत प्रयोग र असावधानीपूर्ण प्रयोगबाट बच्न उपाय जान्न जरुरी छ। कुनै पनि न्यायिक अभियानका लागि सामाजिक सञ्जाल एउटा औजार हो, तर यसको सही प्रयोग गर्न जानिएन भने घातक पनि हुन सक्छ। के उद्देश्यका लागि सामाजिक सञ्जालमा खाता खोलेको पहिल्यै स्पष्ट हुनुपर्छ। कुनै पनि नपत्याउने खालका घटना भएका सामग्री इन्टरनेटमा देख्ने, पढ्ने बित्तिकै तुरुन्तै विश्वास गरिहाल्न हुँदैन। व्यक्तिगत सूचना र वैयक्तिक गोपनीयताका कुरा नराख्ने, जुनसुकै लिङ्क नथिच्ने, नचिनेको साइटमा व्यक्तिगत सूचना, इमेल आदि नभर्ने। नत्र त्यसैले 'प्रोफाइल ह्याक' गरी अरूसँग पैसा माग्न वा तपाईंको आवरणमा अरूलाई ठग्न सक्छ।

सञ्जालमा कुनै कुरा लेख्नु वा पोस्ट गर्नुअघि आफैँले आफैँलाई प्रश्न सोध्न पनि जरुरी छ। सामाजिक सञ्जालमा यो प्रसङ्ग/विषय राख्ने कि नराख्ने ? यो अहिल्यै नै राख्न उपयुक्त छ ? राखिएको सामग्रीले कसलाई फाइदा पुग्छ ? कुनै पनि सूचनालाई आलोचनात्मक तरिकाबाट हेर्न सक्नुपर्छ। त्यो सूचनाको स्रोत के हो ? कहाँबाट आयो ? कसले शेयर गरेको छ ? त्यो जाँचपड्ताल गरेर शेयर गर्नुपर्दछ। पुराना सामग्रीलाई नयाँ घटनाको भनेर राखिएका हुन सक्छन्। त्यसको पुष्टि नभई त्यसमा 'रियाक्सन' गर्ने वा 'कमेन्ट' लेख्ने काम पनि गर्नु हुँदैन।

अहिलेको जमानामा हरेक व्यक्ति पत्रकार हो। सूचना अरू सामु पुऱ्याउने सन्दर्भमा धेरैका सामु सूचना दिन सकिन्छ। फेसबुक, ट्विटर, टिकटकलगायत धेरै प्रयोगकर्ता भएका सामाजिक सञ्जालमा तथ्य के हो, त्यो राखिदिन सकिन्छ। कुनै कुरा सामाजिक सञ्जालमा फैलियो भने, त्यो 'किवर्ड सर्च' गरेर पनि सत्य थाहा पाउन सकिन्छ। सम्प्रेषित सामग्री सही छन् कि छैनन्, परीक्षण गर्नुपर्छ। यसको लागि अरू मिडियाहरू पनि अध्ययन गर्नुपर्छ। नकारात्मक तथा कानुन विपरीत गतिविधिलाई निरुत्साहित गर्दै व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक पहलकदमी लिन जरुरी छ। हरेक प्रयोगकर्ताले भाइरल हुनु मात्रै ठूलो कुरा होइन, सूचना प्रणाली प्रयोग गर्दा मर्यादा, शिष्टता र सामाजिक सद्भावको कुरालाई पनि मनन गर्नुपर्छ। सञ्जाललाई आफ्ना विचार, भावना र अनुभव आदानप्रदान गर्न, नयाँ प्रविधि र सिकाइ प्राप्त गर्न, जनचेतना बढाउन र बृहत्तर हितमा उपयोग गर्ने बानी बसालौं। (लेखक नेपाल पत्रकार महासङ्घ लुम्बिनी प्रदेश समितिका अध्यक्ष हुनुहुन्छ)

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुन्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा सांस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा सांस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरुद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरुद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरुद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

जनहीतका लागि : अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सीतापुर, सप्तरी

# भ्रष्टाचारसम्बन्धी अनुसन्धानलाई आधुनिकीकरण गर्दै लैजानुपर्नेमा राष्ट्रपतिको जोड

काठमाडौं, २८ माघ (रासस)।
राष्ट्रपति रामचन्द्र पौडेलले भ्रष्टाचारको प्रकृति र स्वरूपमा परिवर्तन भइरहेको अवस्थामा अनुसन्धान र अभियोजन प्रक्रियालाई पनि आधुनिकीकरण गर्दै लैजानुपर्नेमा जोड दिनुभएको छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगको ३४औँ स्थापना दिवसका अवसरमा सोमबार यहाँ आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै उहाँले सूचना प्रविधिको तीव्र विकास र प्रयोगसँगै बदलिएका भ्रष्टाचारका तरिका र प्रवृत्तिलाई निस्तेज बनाउन आयोग सक्षम हुनुपर्ने बताउनुभयो।

राष्ट्रपति पौडेलले कसैको दबाब वा प्रभावमा नपरी कसुर र कसुरदार ठूलो वा सानो नभनी काम गर्न आयोग चुक्ने र झुक्ने छैन भन्नेमा आफू विश्वस्त रहेको बताउनुभयो। भ्रष्टाचारसम्बन्धी विधेयक लामो समयसम्म किनारा नलाग्दा पनि केही समस्या आएको गुनासो आइरहेको उल्लेख गर्दै उहाँले भन्नुभयो- "भ्रष्टाचार नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको नेपाल पनि पक्षधर मुलुक भएकाले त्यसमा उल्लेखित प्रावधानअनुरूप हाम्रा कानुन र संयन्त्र परिमार्जन गर्न आवश्यक छ।"

राष्ट्रपति पौडेलले सुशासन, सामाजिक न्याय र समृद्धिको अवधारणालाई मूर्तरूप दिन सबै प्रकारका भ्रष्टाचारलाई छानबिनको दायरामा ल्याउनुपर्ने उल्लेख गर्दै आयोगले शक्ति र पद हुँदैमा जोकोही कानुनी जवाफदेहीताबाट मुक्त हुँदैन भन्ने विश्वास आमनागरिकमा जागृत गराउन सक्नुपर्ने बताउनुभयो। उहाँले नागरिकको जीवनस्तरमा गुणात्मक सुधार गरी जनताको विकास र सुशासनप्रतिको उच्च आकांक्षालाई पूरा गर्दै देशको हित, कल्याण र अन्तर्राष्ट्रिय छविको लागि सदाचार, निष्पक्षता, पारदर्शीता एवम् निर्भिकतालाई मूल मन्त्र बनाएर काम गर्न पनि सुझाव दिनुभयो।

राष्ट्रपति पौडेलले नीति, पद्धति, प्रविधि र प्रवृत्तिगत सुधारका प्रयासलाई प्रभावकारी बनाएर अनुशासन र सदाचार प्रणालीको विकास गर्नु सोमबारको आवश्यकता भएको बताउनुभयो। बानी, व्यवहार, आचरण र अभ्यासले म भ्रष्टाचार गर्दिन र हुन पनि दिन्न भन्ने प्रण गर्ने हो भने यसलाई जरैदेखि निर्मूल गर्न सकिने उहाँको भनाइ थियो।

उहाँले लोकतन्त्रको सुदृढीकरण, आर्थिक विकास, सुशासन, सामाजिक न्याय र समृद्धिको आम नागरिकको चाहनालाई सुशासन र पारदर्शीताबिना जनताको घरदैलोमा पुऱ्याउन नसकिने स्पष्ट पार्नुभयो।

राष्ट्रपति पौडेलले सरकारी ढुकुटी र बजेट कार्यक्रमको दुरूपयोगसम्बन्धी विचलनलाई समयमै नियन्त्रण गर्न राज्य संयन्त्र हरदम चनाखो रहनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "कानुनी राज्यको स्थापना र सुशासनको प्रत्याभूति गराउनु राज्यको प्रमुख दायित्व भएकाले आयोगले भ्रष्टाचारका सम्भाव्य जोखिमका बारेमा सार्वजनिक निकाय र पदाधिकारीलाई बोध गराई यसको नियन्त्रणमा अग्रणी भूमिका निर्वाह गर्न कुनै कसर बाँकी राख्ने छैन।"

राष्ट्रपतिले राज्यका निकाय, निजी क्षेत्र, नागरिक समाज र आमनागरिकले आ-आफ्नो तहबाट प्रवर्द्धनात्मक र निरोधात्मक कार्य गरी भ्रष्टाचारको न्यूनीकरणमा जिम्मेवारी बोधसहित भ्रष्टाचारमुक्त समाज स्थापना र सुशासनको प्रत्याभूतिका लागि तत्परता र सक्रियता देखाउन जरूरी रहेको धारणा राख्नुभयो।

आयोगको प्रमुख आयुक्त प्रेमकुमार राईले सुशासन प्रवर्द्धन गरी भ्रष्टाचार नियन्त्रण गर्न आयोगले विविध रणनीतिका साथ सकारात्मक पहलकदमी लिइएको जानकारी गराउनुभयो। उहाँले सार्वजनिक सेवा प्रवाह र विकास निर्माणलाई अनुसन्धान कार्यले हतोत्साही नबनाओस् भन्नेतर्फ सचेत रहँदै अनुसन्धान पद्धतिमा निरन्तर सुधार गरिरहेको स्पष्ट पार्नुभयो।

प्रमुख आयुक्त राईले सूचना प्रविधिको उपयोग गरी सार्वजनिक सेवा प्रवाहलाई थप अनुमानयोग्य, सरल, सुलभ र व्यवस्थित बनाउने नेपाल सरकारको प्रयास भए पनि यातायात, मालपोत, नापी, राहदानी, वैदेशिक रोजगार, अध्यागमनलगायत सङ्घीय कार्यालयको सेवा प्रवाह जनअपेक्षाअनुरूप प्रभावकारी हुन नसकेको बताउनुभयो। "प्रदेश र स्थानीय सरकारबाट प्रदान गरिने सेवा झन् जटिल र खर्चिलो हुन गई जनताले सहज र सरल सेवा प्राप्त गर्न नसकिरहेको अवस्था छ", उहाँले भन्नुभयो, "नागरिकलाई सरल र सहज सेवा दिनका लागि थप सुधारका उपाय अवलम्बन गर्न आवश्यक देखिएको छ।"

प्रमुख आयुक्त राईले सार्वजनिक स्रोत र राज्य शक्तिको प्रयोग गर्ने पदाधिकारीमा सदाचार संस्कृतिको विकास गर्न सचेतना, प्रचारप्रसार र सहकार्यको रणनीतिसमेत आयोगले अवलम्बन गरेको बताउनुभयो। सुशासन स्थापनाका लागि हरेक नागरिक परिवर्तनको संवाह र सरकार नेतृत्वकर्ता हो भन्दै उहाँले नागरिक तहबाट आएको चासोलाई सम्बोधन गरी सशुासनको अवस्था सुधार गर्न सरकारको अगुवाइमा नै विशेष अभियान सञ्चालन गर्न आवश्यक रहेको बताउनुभयो।

प्रमुख आयुक्त राईले पारस्परिक कानुनी सहायता ऐन र सुपुर्दगी ऐनजस्ता महत्त्वपूर्ण कानुन कार्यान्वयन भए पनि सम्बन्धित मुलुकसँग द्विपक्षीय सम्झौता हुन नसक्दा मुलुक बाहिर हुने गरेको भ्रष्टाचारसम्बन्धी लेनदेनका विषयमा पारस्पारिक कानुनी सहायतामार्फत आवश्यक तथ्य सङ्कलन गर्न समस्या देखिएकाले आयोगको अनुसन्धान कार्यमा कठिनाइ आइपरेको बताउनुभयो। उहाँले सम्बद्ध मुलुकसँग पारस्परिक कानुनी सम्झौता गरी सम्पत्ति शुद्धीकरण निवारणमा सकारले शीघ्र पलहदमी लिने विश्वास व्यक्त गर्नुभयो।

समारोहमा राष्ट्रपति पौडेलले आयोगको स्मारिका-२०८१ लोकार्पण गर्नुभयो। राष्ट्रपतिले आयोगका उपसचिव विष्णुराज बेलबासे र प्रहरी नायब उपरीक्षक कमलकुमार खड्कालाई उत्कृष्ट अनुसन्धानकर्ता पुरस्कार र आयोगका नापी अधिकृत रूविना शाहीलाई उत्कृष्ट अख्तियार सेवा पुरस्कार प्रदान गर्नुभयो। सो पुरस्कारको राशि जनही रू ३५ हजार रहेको छ।

सो अवसरमा सभामुख घिमिरेले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा सहयोग पुऱ्याउने पत्रकार र सञ्चार संस्थालाई पुरस्कृत गर्नुभयो। समारोहमा सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, उपप्रधानमन्त्री, उपसभामुख, राष्ट्रियसभाका उपाध्यक्ष, मन्त्रिगण, उच्च पदस्थ कर्मचारीलगायत सहभागी हुनुहुन्थ्यो। 'भ्रष्टाचार नियन्त्रणमा नागरिक साझेदारी, सुशासन प्रवर्द्धनमा सबैको जिम्मेवारी' नाराका साथ आयोगले सोमबार विविध कार्यक्रम गरी ३४औँ स्थापना दिवस मनाउँदै छ।

# नेपाल-भारत अन्तरदेशीय प्रसारण लाइन निर्माणको 'मोडालिटी' तयार गरिँदै

काठमाडौं, २८ माघ (रासस)।
नेपाल, भारत र बङ्गलादेशबीच अन्तरदेशीय प्रसारणलाइन निर्माणको 'मोडालिटी' तय गरिने भएको छ। नेपालबाट भारत र बङ्गलादेशमा सन् २०३५ सम्म १५ हजार मेगावाट विद्युत् निर्यातका लागि आवश्यक प्रसारणलाइन निर्माणका लागि भारतको नयाँदिल्लीमा नेपाल र भारतबीच सचिवस्तरीय बैठकमार्फत मोडालिटी तय गर्न लागिएको हो।

नेपाल र भारतबीच मङ्गलबार हुने सचिवस्तरीय बैठकमा भाग लिन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुरेश आचार्यसहितको टोली सोमबार नयाँदिल्ली प्रस्थान गरेको छ। दुई देशको सचिवस्तरीय वार्ता र सहमतिपछि प्रसारणलाइन निर्माणको प्रक्रिया अगाडि बढाइनेछ।

यही माघ ९ गते नेपाल र भारत ऊर्जा सहसचिवस्तरीय कार्यदलको १२औँ बैठकमा अन्तरदेशीय प्रसारणलाइन निर्माण र विद्युत् आयात तथा निर्यातलाई थप सहज बनाउने सहमति भएको थियो। सोही सहमति दुई देशबीचका सचिवस्तरीय बैठकले अनुमोदन गरेपछि कार्यान्वयनमा आउने मन्त्रालयका प्रवक्ता सन्दीपकुमार देवले जानकारी दिनुभयो।

उक्त बैठकमा नेपाल र भारतबीचको मौजुदा विद्युत् प्रसारण लाइनहरू, निर्माणाधीन तथा प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनहरू, भारतीय लगानीका विभिन्न जलविद्युत् आयोजनाहरू तथा सम्बद्ध प्रसारण लाइन आयोजना र अन्तरदेशीय विद्युत् आयात-निर्यातका विषयमा छलफल भएको थियो।

नेपालको इनरूवादेखि भारतको पूर्णिया र नेपालको दोदोधारादेखि भारतको बरेलीसम्म ४०० केभीका दुई प्रसारण लाइन निर्माण कार्य सन् २०३० सम्म सम्पन्न गर्ने सहमति भएको छ। उक्त प्रसारण लाइन नेपाल विद्युत् प्राधिकरण र भारतको पावर ग्रिड कर्पोरेसन लिमिटेडको शेयर स्वामित्व रहनेगरी दुवैतर्फ संयुक्त कम्पनी स्थापना हुनेछ।

दुई देशबीचको सम्झौतापछि नेपालतर्फ रहने संयुक्त कम्पनीमा नेपालको ५१ प्रतिशत र भारततर्फ रहने कम्पनीमा भारतको ५१ प्रतिशत शेयर स्वामित्व रहनेछ। दुवैतर्फका कम्पनीमा बाँकी ४९ प्रतिशत शेयर स्वामित्व अर्को देशको रहने व्यवस्था हुनेछ।

यसैगरी, चमेलिया-जौलजीवी २२० केभी डबल सर्किट प्रसारण लाइनको डिपिआर सन् २०२५ सम्म सम्पन्न गरिने सहमति भएको छ। यस्तै, ढल्केबर-मुजफ्फरपुर प्रसारण लाइनको क्षमता ८०० मेगावाटबाट बढाएर एक हजार मेगावाट पुऱ्याउने बताइएको छ।

यस्तै सन् २०३५ सम्ममा ४०० केभीका निजगढ-मोतिहारी र कोहलपुर-लखनऊ प्रसारण लाइन निर्माण सम्पन्न गरिने सहमति भएको छ। उक्त सहमतिलाई दुई देशबीचको सचिवस्तरीय बैठकले अनुमोदन गर्नेछ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले सन् २०३५ सम्म १५ हजार विद्युत् विदेशमा निर्यात गर्न सरकारले राखेको लक्ष्य पूरा गर्न यस्ता प्रसारण लाइन निर्माण सम्झौताले ठूलो सहयोग पुग्ने बताउनुभयो। आगामी दिनमा थप विद्युत् निर्यात गर्नेगरी अन्तरदेशीय प्रसारण लाइनको संरचना बनाउँदै अगाडि बढ्नुपर्ने उहाँको भनाइ थियो।

यसअघि नेपाल र भारतबीच १० वर्षमा १० हजार मेगावाट निर्यातका लागि दीर्घकालीन विद्युत् व्यापार सम्झौता भएको छभने बङ्गलादेशमा ४० मेगावाट विद्युत् निर्यात सुरू भइसकेको छ।

# विश्व समाचार

## जनवरीमा दक्षिण कोरियाको बेरोजगार दाबी घट्यो

सियोल, २८ माघ (रासस/सिन्ह्वा)।
दक्षिण कोरियाको व्यापार सेवा, स्वास्थ्य तथा कल्याण र सार्वजनिक प्रशासन क्षेत्रमा कम माग आएसँगै गत महिनाको बेरोजगारीको दाबीमा कमी आएको सरकारी तथ्याङ्कले सोमबार देखाएको छ। रोजगार तथा श्रम मन्त्रालयका अनुसार गत वर्षको सोही महिनाको तुलनामा रोजगारीका लागि नयाँ आवेदन दिनेको सङ्ख्या ७.९ प्रतिशतले घटेर जनवरीमा रोजगारीका लागि नयाँ आवेदन दिनेको सङ्ख्या एक लाख ८६ हजार पुगेको छ। गत वर्ष रोजगारीका लागि नयाँ आवेदन दिनेको सङ्ख्या अक्टोबरमा १२.४ प्रतिशत, नोभेम्बरमा २.२ प्रतिशत र डिसेम्बरमा ९.० प्रतिशतले वृद्धि भएको थियो। व्यावसायिक, स्वास्थ्य तथा कल्याण र सार्वजनिक प्रशासन क्षेत्रमा आवेदकहरूको कमी आएको तर निर्माण उद्योगमा यो दरमा सामान्य वृद्धि भएको छ। दक्षिण कोरियामा बेरोजगारहरूलाई रोजगारी खोज्न मद्दत गर्न सरकारले सहयोग प्रदान गर्छ र यो राज्यको रोजगार बीमा कोषद्वारा वित्त पोषित छ। जनवरीमा रोजगारीको लाभ प्राप्त गर्नेहरूको सङ्ख्या कुल छ लाख रहेको थियो र यो अघिल्लो वर्षको तुलनामा २.३ प्रतिशतले कम हो। रोजगारीको खोजीमा रहेका व्यक्तिहरूको कुल भुक्तानी ३.८ प्रतिशतले बढेर ९७४.७ बिलियन वोन (६७०.१ मिलियन अमेरिकी डलर) पुगेको छ।

## निप्पोन स्टीलद्वारा यूएस स्टीलमा लगानी गर्ने 'साहसिक प्रस्ताव'

टोकियो, २८ माघ (रासस/एएफपी)।
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले निप्पोन स्टिलले अमेरिकी स्टिलमा अल्पसङ्ख्यक सेयर लिन दिने सङ्केत गरेपछि जापान सरकारका उच्च प्रवक्ताले अमेरिकी स्टिलमा लगानी गर्ने प्रयासमा 'साहसिक प्रस्ताव' प्रस्तुत गर्ने बताएका छन्। अमेरिकाका पूर्व राष्ट्रपति जो बाइडेनले राष्ट्रिय सुरक्षाको कारण देखाउँदै गत महिना पद छोड्नुभन्दा केही समयअघि १४ अर्ब ९० करोड अमेरिकी डलरको सम्झौता रोक्नुभएको थियो। शुक्रबार ह्वाइट हाउसमा इशिबालाई भेटेका ट्रम्पले ती कम्पनीहरूले 'खरिदभन्दा पनि लगानीतर्फ सोच्न' आग्रह गर्नुभएको थियो। सन् २०२४ को राष्ट्रपतीय निर्वाचन अभियानका क्रममा अधिग्रहण प्रस्तावको चर्को आलोचना गरेका राष्ट्रपति ट्रम्पले आइतबार कम्पनीमा 'लगानी' गर्न अनुमति दिने बताउनुभएको हो। "युएस स्टिलमा कसैको पनि बहुमत हुन सक्दैन। उनीहरूले अन्य कम्पनीहरू किन्न सक्छन् तर यूएस स्टील होइन," ट्रम्पले पत्रकार सम्मेलनमा भन्नुभयो। उहाँले भन्नुभयो, "लगानी गर्ने र कम्पनी नै किन्ने कुरा फरक हो। उनीहरूलाई यसमा लगानी गर्न अनुमति दिइएको छ।" उहाँले आफ्नो टोलीले निप्पोन स्टीलका अधिकारीहरूसँग 'मध्यस्थता गर्न' सहयोग गर्ने बताउनुभयो। सोमबार जापानको मन्त्री परिषद्का मुख्यमन्त्री योशिमासा ह्याशीले नियमित पत्रकार सम्मेलनमा भन्नुभयो, "हामीले बुझेका छौं कि निप्पोन स्टिलले युयस स्टिललाई अधिग्रहणको लागि मात्र हेरिरहेको छैन।" हयाशीले भन्नुभयो, "जापानले यो एक 'साहसिक प्रस्ताव'बारे विचार गर्दैछ किनकि यो हामीले विगतमा सम्झौताका लागि तयार भएको भन्दा बिल्कुलै फरक छ। यसले संयुक्त राज्य अमेरिका र बाँकी विश्वले चाहेका उत्कृष्ट उत्पादनहरू उत्पादन गर्नेछ र अमेरिका र जापान दुवैको हित र जीतको स्थिति सिर्जना गर्नेछ।" मुख्यमन्त्री हयाशीले प्रस्तावबारे विस्तृत विवरण भने दिनुभएको छैन। निप्पोन स्टिलले ट्रम्पको भनाइबारे तत्काल प्रतिक्रिया जनाउन अस्वीकार गरेको छ।

## सन् २०२४ मा चीनमा विवाहको सङ्ख्यामा २० प्रतिशतले कमी : सरकार

बेइजिङ, २८ माघ (रासस/एएफपी)।
निरन्तर जनसाङ्ख्यिकीय चुनौतीको पछिल्लो सङ्केतलाई पछ्याउँदै गत वर्ष चीनमा विवाहमा २० प्रतिशतको गिरावट देखिएको सरकारी तथ्याङ्कले देखाएको छ। बेइजिङले युवा परिवारहरूको लागि अनिश्चित आर्थिक दृष्टिकोणसहित जन्मदर वृद्धिलाई प्रोत्साहित गर्न काम गरिरहेको छ। सन् २०२४ मा ६१ लाख दम्पतीले विवाहका लागि दर्ता गराएका र यो अघिल्लो वर्षको तुलनामा ७७ लाखले कम हो। सन् २०२३ मा विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको देशको रूपमा रहेको चीनलाई भारतले उछिनेको। सन् २०२३ मा चीनको कुल जनसङ्ख्या लगातार तेस्रो वर्ष २०.५ प्रतिशतले घटेको थियो। चीनको एक अर्ब ४० करोड जनसङ्ख्या अहिले तीव्र गतिमा बुढ्यौली जनसङ्ख्या हुँदै गएको छ र गत वर्षको अन्त्यसम्ममा चीनमा ६० वर्ष वा सोभन्दा माथिको जनसङ्ख्या करिब एक चौथाई रहेको छ। जनसाङ्ख्यिकीय प्रवृत्तिहरूले देशका अधिकारीहरूका लागि नयाँ चुनौतीहरू प्रस्तुत गर्दछ। यसले लामो समयदेखि आर्थिक विकासको चालकको रूपमा आफ्नो विशाल कार्यबलमा भरोसा गरेको छ।

हालैका वर्षहरूमा बेइजिङले सुरु गरेको परिवारसमर्थक अभियानको बावजुद विवाहमा गिरावट आएको छ। अभियानमा विभिन्न अनुदानहरू र सन्देशहरूमार्फत् मानिसहरूलाई धेरै (दुई वा सो भन्दा बढी) बच्चा जन्माउन प्रोत्साहित गर्दछ। तर विशेषज्ञहरूका अनुसार विशेष गरी शिक्षा र बच्चाको हेरचाहको लागि हुने उच्च लागत र नयाँ स्नातकहरूको पर्खाइमा चुनौतीपूर्ण रोजगार बजार आमाबाबुलाई धेरै बच्चा बनाउन निरुत्साहित गर्ने कारकहरूमध्ये एक हो। चिनियाँ 'माइक्रोब्लगिङ साइट (वेइवो)' का एक सेवाग्राहीले भन्नुभयो, "यदि म आफ्ना आमाबाबुमा भर पर्दिनँ भने म घर किन्न सक्दिनँ र विवाह गर्नु पनि ठूलो खर्च लाग्छ।" "यो वर्ष मलाई अचानक महसुस भयो कि अविवाहित हुनु पनि धेरै राम्रो छ। त्यति धेरै दबाब छैन, म कमाउँछु र आफ्नै पैसा खर्च गर्छु" उहाँले भन्नुभयो। सन् १९८० को दशकमा जनसङ्ख्या वृद्धि उच्च बनेपछि बेइजिङले 'एक सन्तान नीति' लागू गरेको थियो। यो नियम सन् २०१६ मा मात्र अन्त्य भएको हो। दम्पतीलाई सन् २०२१ मा तीन सन्तान जन्माउन अनुमति दिइएको थियो तर चीनको जनसाङ्ख्यिकीय परिवर्तनको सङ्केत देखिन थालिसकेको थियो। विश्वको दोस्रो ठूलो अर्थतन्त्रमा घट्दो विवाहले आगामी वर्षहरूमा पेन्सन र सार्वजनिक स्वास्थ्य प्रणालीमा दबाब बढाउने खतरा छ। बेइजिङले सेप्टेम्बरमा लामो समयदेखि निरन्तरता पाएको ६० वर्षको वैधानिक सेवा निवृत्तिको उमेर क्रमशः बढाउने घोषणा गरिसकेको छ। यसलाई प्रत्याशित कदम भनिएको छ।

# राष्ट्रियसभाबाट मिडिया काउन्सिल विधेयक पारित

काठमाडौँ, २८ माघ (रासस)।

राष्ट्रियसभाको सोमबारको बैठकले ‘मिडिया काउन्सिल विधेयक-२०८०’ पारित गरेको छ। बैठकमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले प्रस्तुत गर्नुभएको विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित ‘मिडिया काउन्सिल विधेयक, २०८० पारित गरियोस्’ भन्ने प्रस्तावलाई बैठकले सर्वसम्मतिले पारित गरेको हो।

त्यसअघि उक्त विधेयकको दफावार छलफलमा सांसद राजेन्द्रलक्ष्मी गैरेले भाग लिनुभएको थियो। छलफलमा उठेका प्रश्नहरूको जवाफ दिँदै सञ्चारमन्त्री गुरुङले विधायन व्यवस्थापन समितिमा लामो समय छलफल भइ पारित भएर राष्ट्रियसभामा आएको भन्दै मिडिया काउन्सिल विधेयकलाई बढी स्वायत्त बनाउन यस क्षेत्रको नियमन र स्वनियमन गर्ने सम्पूर्ण अधिकार दिएर कसरी मर्यादित, पृथक तथा स्वायत्त निकाय बनाउन सकिन्छ भनेर धेरै विषय उठाइसकेकाले सो विधेयकलाई सर्वसम्मतिले पारित गर्न अनुरोध गर्नुभएको थियो।

मिडिया काउन्सिलसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्ने हेतुले तत्कालीन सञ्चारमन्त्री रेखा शर्माले २०८१ वैशाख १२ गते मिडिया काउन्सिल विधेयक दर्ता गराउनुभएको थियो। उक्त विधेयक गत जेठ १३ गते राष्ट्रियसभामा प्रस्तुत भएको थियो।

पत्रकारिता क्षेत्रमा पेसागत तथा व्यावसायिक आचरण कायम राख्न तथा स्वनियमनलाई प्रवर्द्धन गरी स्वच्छ, स्वतन्त्र र जवाफदेही पत्रकारिताको विकास तथा संरक्षणका लागि स्वायत्त नियामक निकायको रूपमा स्थापित गर्ने उद्देश्यले मिडिया काउन्सिल विधेयक ल्याइएको हो। स्वायत्त नियामक निकायको रूपमा स्थापना र सञ्चालन सम्बन्धमा नयाँ कानुनको मस्यौदा आवश्यक रहेकाले राष्ट्रिय आमसञ्चार नीति, २०७३ लागू भई प्रेस काउन्सिललाई पत्रकारिता क्षेत्रको आचारसंहिता उलङ्घन सम्बन्धी उजुरी सुनुवाई गर्ने स्वतन्त्र, स्वायत्त र सक्षम निकायको रूपमा विकास गर्न तथा पत्रकारिताको क्षेत्रमा आएका परिवर्तन एवं प्रविधिमा भएको विकासको प्रयोगलाई आत्मसात गरी प्रेस काउन्सिललाई मिडिया काउन्सिलमा रुपान्तरण गरी सक्षम निकायको रूपमा विकास गर्न विधेयक ल्याइएको जनाइएको छ।

समय सापेक्ष विद्युतीय अनलाइन र छापा पत्रकारिता पेशलालाई मर्यादित, उत्तरदायी, जिम्मेवार एवं विश्वसनीय बनाई स्वच्छ तथा स्वतन्त्र रूपमा पत्रकारिताको विकास, संरक्षण तथा नियमनलाई व्यवस्थित बनाउन कानुन निर्माण गर्नु आवश्यक भएकाले सो विधेयक ल्याइएको उल्लेख गरिएको छ।

बैठकमा राष्ट्रियसभाका सचिव डा सुरेन्द्र अर्यालले राष्ट्रियसभाबाट पारित भइ सन्देशसहित प्रतिनिधिसभामा पठाइएको ‘विधान सम्बन्धी विधेयक, २०८०’ को सम्बन्धमा प्रतिनिधिसभाबाट प्राप्त सन्देश सभा समक्ष जानकारी गराई टेबुल गर्नुभएको थियो।

राष्ट्रियसभाको अर्को बैठक आगामी फागुन ४ गते दिउँसो १ बजेर १५ मिनेटमा बस्नेछ।

# आम निर्वाचनअघि नै पार्टीको महाधिवेशन हुन्छ : महामन्त्री थापा

चितवन, २८ माघ (रासस)।

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले पार्टीको महाधिवेशन २०८४ सालको आम निर्वाचनअघि नै हुने बताउनुभएको छ। सोमबार यहाँ पत्रकारसँग कुराकानी गर्दै उहाँले कानुन र पार्टीको विधानले व्यवस्था गरेअनुसार चार वर्षमा महाधिवेशन हुने बताउनुभयो।

उहाँले भन्नुभयो, “हामीले तोकिएको समयमा महाधिवेशन गर्नका लागि आगामी चैतभित्र पार्टीको क्रियाशिल सदस्यता टुङ्ग्याउने गरी काम गरेका छौँ, तल्लो तहका साथीहरूले त्यसलाई सहयोग गर्नुपर्‍यो।” विधानले एक वर्ष समय थप गर्नसक्ने व्यवस्था गरेको भए पनि दुई-तीन महिना तलमाथि भए पनि एक वर्ष पूरै नथपिने उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, “नेपाली कांग्रेसको विधानअनुसार २०८२ सालको मङ्सिर /पुसमा चार वर्षको कार्यकाल सकिन्छ, हाम्रो प्रयास चार वर्षभित्र महाधिवेशन गर्ने थियो र अहिले पनि छ, तर पार्टीको सदस्यता वितरण र अन्य कुरा हेर्दै गर्दा ठ्याक्कै त्यही तिथिमितिभित्र हामी भ्याउँछौँ नै भनेर सम्पूर्ण रूपमा दाबी गर्ने अवस्था छैन”, उहाँले भन्नुभयो, “एक वर्षका लागि म्याद थपको सुविधा रहन्छ, सभापतिसँग बसेर सल्लाह गरिरहेका छौँ, जति समय आवश्यक पर्छ त्यति समय अघि बढाऔँ।”

पार्टीको महाधिवेशन २०८४ निर्वाचनअघि जति महाधिवेशन अघि तान्न सक्यो त्यति हितकर हुने उहाँको भनाइ थियो। फरक प्रसङ्गमा बोल्दै उहाँले सरकारले ल्याएको अध्यादेश एक-दुई दिनमा संसद्मा टेबल हुने बताउनुभयो। टेबल भएपछि संसद्बाट छलफलसहित पास हुने उहाँको भनाइ थियो। सरकारले सामाजिक सञ्जाल नियमनको विषयमा ल्याएको विधेयक आएको जसरी कानुन नबन्ने उहाँले स्पष्ट पार्नुभयो। यो विधेयकमा धेरै समस्या रहेको बताउँदै उहाँले विधेयक नसच्याइ, परिमार्जन नभइ र संशोधन बिना पारित नहुने उहाँले बताउनुभयो।

# प्रतिनिधिसभाद्वारा सुरक्षित कारोबार पहिलो संशोधन विधेयक, २०८१ सर्वसम्मत पारित

काठमाडौँ, २८ माघ (रासस)।

प्रतिनिधिसभाले सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८१ सर्वसम्मत पारित भएको छ। सभाको सोमबारको बैठकमा उक्त विधेयक सर्वसम्मत पारित भएको सभामुख देवराज घिमिरेले घोषणा गर्नुभयो।

उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सभामुख घिमिरेको अनुमतिमा उक्त विधेयक पारित गर्न प्रस्ताव पेस गर्नुभएको थियो। उहाँले यस विधेयक कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहेको सदनलाई जानकारी दिनुभयो।

सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८१ का सम्बन्धमा अर्थ समितिको प्रतिवेदन १ र २ मा उल्लेखित संशोधनहरू सर्वसम्मत स्वीकृत भएको हो।

सभामुख घिमिरेले अर्थ समितिको प्रतिवेदनमा क्रम सङ्ख्या १ र २ मा उल्लेखित संशोधन विधेयकको अङ्ग बनेको घोषणा गर्दै विधेयकको २ देखि ४५ सम्म सुरक्षित कारोबार पहिलो संशोधन विधेयक, २०८१ को अङ्ग बनेको जानकारी गराउनुभयो।

उपप्रधान एवं अर्थमन्त्री पौडेलले भन्नुभयो, “प्रस्तावित विधेयकमा भएका व्यवस्थाहरूको कार्यान्वयनबाट चल सम्पत्तिको धितोमा हुने कारोबार सुरक्षित र व्यवस्थित भइ चल सम्पत्ति उपरको दायित्व परिपालना हुने र यसले चल सम्पत्तिको धितोमा हुने आर्थिक क्रियाकलाप बढोत्तरी हुने अपेक्षा लिइएको छ”,

सभाको अर्को बैठक मङ्गलबार दिउँसो १ बजेका लागि तय भएको छ।

अनिश्चितकालिन रिले अनसनबाट पनि आफुहरुको माँग उपर सुनवाई नभए दोश्रो चरणमा आन्दोलनका थप शसक्त कार्यक्रमहरु अघि बढाइने नेपाल मलाह कल्याण संघले जनाएको छ।

# प्रहरीलाई हातपात गरेको अभियोगमा पक्राउ

काठमाडौँ, २८ माघ (रासस)।

नेपाल प्रहरीले नियमित गस्तीमा रहेका आफ्ना कर्मचारीमाथि अभद्र व्यवहार गरेको अभियोगमा दुई जनालाई नियन्त्रणमा लिएको छ। यही माघ २४ गते काठमाडौँ महानगरपालिका- २६ ठमेलमा सम्झाई बुझाई गर्न खोज्दा उनीहरुले प्रहरीमाथि हातपात गरेका थिए।

ताप्लेजुङका दिनेश सिग्देल र डडेल्धुराका रमेश फुलारालाई यही माघ २७ गते आइतबार त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल नजिकबाट पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका सूचना अधिकारी प्रहरी उपरिक्षक अपीलराज बोहराले जानकारी दिनुभयो। उनीहरुले गस्तीमा रहेको प्रहरीको मोटरसाइकलसमेत तोडफोड गरेका थिए।

प्रहरीले पक्राउ परेका दुवैलाई अभद्र व्यवहारसम्बन्धी कसुरमा जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको जनाएको छ। उनीहरुलाई प्रहरी वृत्त दरबारमार्गको हिरासतमा राखी थप अनुसन्धान भइरहेको प्रहरी छ।

***मलाह कल्याण ...***

जानकारी दिए।

यस अघि २०६४ साल देखी २० बुंदे माग सहित पटक पटक तत्कालिन सरकारका प्रमुखहरुलाई ज्ञापन पत्र बुझाएपनि आश्वासन बाहेक केही नपाइएको उनीहरुको गुनासो छ। पछिल्लो पटक पुष १८ गते प्रधानमन्त्री, गृहमन्त्री लगायतका सरोकारवाला निकायका प्रमुखहरुलाई ज्ञापन पत्र बुझाएपनि माग सम्बोधनको कुनै पहल नभएकाले बाध्य भई संघर्षको बाटो रोज्नु परेको संघका मुखियाको भनाइ छ।

# समाजवादीका नीति-कार्यक्रम जनमुखी छन् : नेता खनाल

मोरङ, २८ माघ (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले आफ्नो पार्टीका तर्फबाट ल्याइएका नीति तथा कार्यक्रम देश र जनताका पक्षमा रहेको बताउनुभएको छ। विराटनगरमा सोमबार बिहान सञ्चारकर्मीसँग कुरा गर्दै उहाँले अन्य पार्टीका भन्दा एकीकृत समाजवादीको नीति तथा कार्यक्रम राम्रो रहेको दाबी गर्नुभयो।

सम्मानित नेता खनालले वर्तमान सरकार ढालेर अर्को जनमुखी सरकार निर्माण हुने अवस्था नरहेको स्पष्ट गर्नुभयो। उहाँले भन्नुभयो, “वामपन्थीहरू अब टाउको गनेर होइन, नीति तथा कार्यक्रमको आधारमा मिल्नुपर्छ, देश र जनताका पक्षमा देखिने गरी काम गर्नुपर्छ।”

नेता खनालले दिगो विकाससहित समृद्धिको दिशामा मुलुकलाई लैजानका लागि आधुनिक कृषि प्रणाली र उद्योग क्षेत्रलाई प्राथमिकता दिनुपर्ने खाँचो औँल्याउनुभयो। वर्तमान संविधानको सिंहावलोकन गर्नुपर्ने समय आएको उल्लेख गर्दै उहाँले सम्झौताका आधारमा ल्याइएको वर्तमान संविधानमा भएकाले आवश्यकताअनुसार संशोधन गर्न सकिने बताउनुभयो।

# ‘अध्यादेशबाट देश चलाउन खोज्नु गलत’

भक्तपुर, २८ माघ (रासस)।

नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले अध्यादेशबाट देश चलाउन खोज्नु गलत भएको बताउनुभएको छ।

सोमबार भक्तपुरमा जिपि कोइराला फाउण्डेसनले आयोजना गरेको ‘गिरिजाप्रसाद कोइराला र वर्तमान राजनीति’ विषयक विचार गोष्ठीमा बोल्दै उहाँले अध्यादेशबाट देश चलाउने संस्कारको विकास गर्न नहुने बताउनुभएको हो।

संसद्लाई छलेर जान खोज्यो भने त्यो निरङ्कुश हुने बताउँदै उहाँले दुई तिहाइको सरकारलाई अध्यादेशको जरुरी नभएकाले संसद्बाटै ऐन, कानुन बनाउनुपर्नेमा जोड दिनुभयो।

उहाँले भन्नुभयो, “अध्यादेशबाट देश चलाउने संस्कार हाम्रो होइन। प्रजातन्त्रमा भरसक हामीले संसद्बाटै नियम, कानुन, ऐनहरू बनाइ अगाडि जानुपर्छ।”

सोही कार्यक्रममा नेपाली कांग्रेसकी नेतृ सुजाता कोइरालाले राजनीति र प्रजातन्त्र बिग्रिये भने देश पनि बिग्रिने बताउनुभयो।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय नेता, विभिन्न जिल्लाका सभापतिलगायतले आफ्ना धारणा राख्नुभएको थियो।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी, राजविराज

मिति :-२०८१/१०/२७

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम सुदामी बति बैश्यनीको नाममा दर्ता रहेका साविक प्रगन्ना जगदर मौजे थल्ही कट्टीको सा.कि.नं. ४४ को ज.वि. ०-२-११, ऐ.ऐ. सा.कि.नं.९ ज.वि.०-३-४ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स बोरिया वडा नं. ४ हाल राजविराज न.पा. वडा नं. १६ बस्ने सुदामी बति बैश्यनीको बुहारी कुशेश्वर लाल देवको पत्नी बिन्दा देवी बैश्यनीको यस कार्यालयमा द.नं. १६४३७ मिति २०८०/११/३० गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०१/०७ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४४<br>९ | सुदामी बति बैश्यनी | जमुनि मधेपुरा | ४ | २५८<br>२५९ | ०-१-९<br>०-१-१० | बिन्दा देवी बैश्यनी | यो जग्गाको फिल्डबुकको कैफियत महलमा यो जग्गा बोरिया बस्ने सुदामा बतिको हो उल्लेख रहेको ज.ध. महल खाली, किसानको महल खाली, किसानको व्यहोरा महल खाली भएको। |

नायब सुब्बा

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेबसाइट :** *rajbirajdainik.com.np*